# कागेश्वरी मनोहरा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं
३ नं. प्रदेश, नेपाल

**कम्प्यूटर तथा सामान खरिद सम्बन्धी बोलपत्र आहवानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७४।११।१६

यस कार्यालय प्रयोजनको लागि चालु आ.व. २०७४/०७५ मा तपसल बमोजिमका कम्प्यूटर तथा सामानहरु खरिद गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही इजाजत प्राप्त उत्पादक वा सप्लायर्सहरुबाट रित पूर्वकको शिलवन्दी बोलपत्र आहवान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्र फाराम रु. ३०००।- (तीन हजार) (पछि फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिदसाथ इजाजत प्राप्त उत्पादक वा सप्लायर्स फर्म दर्ताको नविकरण गरिएको इजाजत प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०७३/०७४ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन पेश गरेमा मिति २०७४ चैत्र १५ (29 March, 2018) सम्म कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. शिलवन्दी गरिएको बोलपत्र मिति २०७४ चैत्र १६ (30 March, 2018) गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । उल्लेखित समयभित्र प्राप्त शिलवन्दी बोलपत्र सोही दिनको १:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्रसाथ कामको विवरणमा उल्लेख भए अनुसारको रकम धरौटी वापत यस कार्यालयको कृषि बिकास बैंक, जोरपाटीमा रहेको ग-३-स्थानीय तह धरौटी खाता ०२१०८०११५०१३८०४९ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको बोलपत्र खोल्ने दिनबाट १२० दिन म्याद भएको सक्कलै बिड बन्ड पेश गर्नुपर्नेछ ।

४. बोलपत्र दाखिला गर्दा खाममा राखी शिलवन्दी खामको वाहिर यस कार्यालयको नाम, शिलवन्दी बोलपत्रदाताको नाम, ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

५. बोलपत्र फाराम खरिद गर्ने, शिलवन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य बिदा पछि कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ ।

६. बोलपत्र पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

७. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वास्थ नबाझिएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा स्वघोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

८. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कारबाही हुने छैन ।

९. प्रचलित ऐन, नियम अनुसार कम्प्यूटर तथा अन्य सामानहरुमा लाग्ने कर बोलपत्रदाता स्वयमले नै बेहोर्नु पर्नेछ ।

१०. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१२. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र फोन नं. ०१४४५०३५६ मा सम्पर्क गर्न सकिनेछ ।

**कार्य विवरण**

| सि.नं. | खरिद गर्ने सामानको विवरण | परिमाण | ल.ई. रकम (भ्याट बाहेक) (रु.) | धरौटी रकम (रु.) |
|---|---|---|---|---|
| १ | ब्राण्डेड डेक्सटप कम्प्यूटर | २० सेट | १७,९१,०००।- | ५१,०००।- |
| २ | ल्यापटप कम्प्यूटर | ५ थान | | |
| ३ | लेजर प्रिन्टर | ७ थान | | |
| ४ | फ्याक्स मेशिन | १ थान | | |